# बुटवल उपमहानगरपालिका

## रुपन्देही, ५ नं प्रदेश, नेपाल

## सार्वजनिक निजी साझेदारी इकाई (सानिसा इकाई)

# बहुतला पार्किङ्ग सहितको बहुउद्धेश्यीय भवन निर्माण, संञ्चालन तथा हस्तान्तरण आयोजना

## मनसाय पत्र पेश गर्नका लागि तयार पारिएको कागजात

## (मनसाय पत्र आह्वान नं. ०२/सानिसा/०७६-०७७)

आ.व. ०७६/०७७

Contents


मनसायपत्र आव्हान सम्वन्धि सूचना ........ 3

मनसाय आह्वानपत्रमा उल्लिखित विषयमा दायित्व नरहने उद्घोषण ........ 4

परिभाषा ........ **5**

मनसाय पत्रका लागि आव्हान ........ 6

१. आयोजनाको विवरण ........ 6

२. निवेदकहरुलाई निर्देशन ........ 10

क. सामान्य शर्तहरु ........ 10

ख. कागजातहरुः ........ 12

ग. निवेदनको तयारी तथा पेश गर्ने : ........ 14

घ. मूल्याकंन प्रकृया ........ 16

३. निवेदनको मुल्यांकन ........ 16

ङ. योग्यता र प्रस्ताव ........ 16

४. संक्षिप्त सूचीको छनौटको मुल्यांकनको आधार ........ 17

५. निवेदन पूर्वको बैठक ........ 17

६. विविध ........ 18

अनुसूचीहरु ........ 19

अनुसूची १ ........ 20

शर्त २.१०.१ योग्यता निवेदनसंग सम्बन्धित ........ 20

अनुसूची २ ........ 22

शर्त २.२.२ संग सम्वन्धित ........ 22

अनुसूची ३ ........ 23

शर्त २.१०.२ संग सम्वन्धित ........ 23

अनुसूची ४ ........ 24

## मनसायपत्र आव्हान सम्वन्धि सूचना :

### बुटवल उपमहानगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
### बुटवल, रुपन्देही

### सार्वजनिक नीजि साझेदारीमा काम गर्नका लागि मनसायपत्र आह्वानको सूचना

सूचना प्रकाशन मिति : २०७६।८।१३

१.बुटवल उपमहानगरपालिका अर्न्तगत वार्ड नं ९ लुम्बिनी बस टर्मिनल संगैको कि नं ५ को जग्गा क्षेत्रफल ८०५६ बर्गमिटर जग्गामा बहुतला पार्किङ्ग सहितको बहुउद्देश्यीय भवन निर्माण, संचालन तथा हस्तान्तरण आयोजना सार्वजनिक निजी साझेदारी (सानिसा)मा कार्यान्वयन गर्नका लागी इच्छुक तथा योग्य व्यक्ति, कम्पनी/संस्थावाट सार्वजनिक निजी साझदारी ऐन २०७४को दफा १७ तथा सार्वजनिक निजी साझेदारी नियमावली २०७६ को नियम ६ को उपनियम १ वमोजिम तोकिएका शर्तहरुको अधिनमा रही शिलवन्दी मनसायपत्र पेश गर्नका लागी यो सुचना प्रकाशन गरिएको छ ।

२.बुटवल उपमहानगरपालिकाले उल्लेखित आयोजनाको कार्यान्यन सार्वजनिक निजी साझेदारी मार्फत गर्नेछ । बुटवल उपमहानगरपालिकाले, सार्वजनिक निजी साझदारी ऐन,२०७४ सार्वजनिक नीजि साझेदारी नियमावली, २०७६ तथा सोही नीति २०७४ अनुसार परियोजनाको डिजाइन, निर्माण तथा संचालन गरिनेछ । उपमहानगरपालिका तथा निजी क्षेत्रको सहभागितामा आयोजनाको सार्वजनिक निजी साझेदारी ऐन २०७४, सानिसा नियमावली २०७६ तथा सोही नीति २०७४ को व्यवस्था अनुसार निजी क्षेत्रलाई डिजाईन, निर्माण, संचालन तथा हस्तान्तरणको लागि दीर्घकालिन आयोजनाको रुपमा साझेदारीको सम्झौता हुनेछ ।

३. मनसाय पत्र आव्हान सम्बन्धी कागजात बुटवल उपमहानगरपालिकाको कार्यालयमा सुचना प्रकाशन गरेको मिति २०७६।०९।१३ गते कार्यालय समय भित्र रु ५०००।- (फिर्ता नहुने गरि) बुझाई खरिद गर्न सकिनेछ ।

४. मनसायपत्र पेश गर्ने अन्तिम मिति २०७६।०९।१४ गते दिनको १२.०० बजे भित्र बुटवल उपमहानगरपालिकाको कार्यालयमा दाखिला गर्नु पर्नेछ । सो दिन सार्वजनिक विदा परे सो को भोलि पल्ट सोही समय भित्र दाखिला गर्नु पर्नेछ । प्राप्त मनसायपत्र सोही दिन १:०० बजे खोलिनेछ ।

५. मनसायपत्र मूल्याँकनका आधार तथा साझेदारीका सर्तहरु मनसायपत्र आव्हान सम्बन्धी कागजातमा उल्लेख गरिएको छ । मनसायपत्र आव्हान सम्बन्धी कागजातहरु यस उपमहानगरपालिकाको वेबसाईट मा पनि हेर्न सकिनेछ ।

६. यस सुचनामा उल्लेख नभएका अन्य विषयहरु मनसायपत्र सम्वन्धी कागजात तथा बुटवल उपमहानगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन,२०७४ तथा सो को नियमावली २०७६ मा उल्लेख भए अनुसार हुनेछ ।

७. समयसिमा नाघी प्राप्त हुन आएका तथा कुनै शर्तहरु राखि पेश भएका मनसायपत्रहरु मान्य हुने छैनन् । साथै कुनै मनसायपत्र स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार यस उपमहानगरपालिकाको नगरकार्यपालिकामा सुरक्षित रहनेछ ।

८.यस सम्बन्धमा अन्य कुरा बुझ्न परेमा यस कार्यलयको सार्वजनिक निजी साझेदारी शाखामा सम्पर्क राख्न सकिनेछ ।

तपशिल :

| क्र.सं. | मनसायपत्र नं. | आयोजनाको नाम |
|---|---|---|
| १ | ०२/सानिसा/०७६/०७७ | बहुतला पार्किङ्ग सहितको बहुउद्देश्यीय भवन निर्माण आयोजना |

# मनसायपत्र सम्बन्धी कागजातका बिषयमा दायित्व नरहने उद्घोषण

यस मनसाय पत्र सम्बन्धित कागजातमा उल्लेख भएका विषय एवं सूचनाहरु यस उपमहानगरपालिकाबाट निवेदकहरुलाई लिखित वा अन्य जुनसुकै स्वरुपमा उपलब्ध गराईएको भएतापनि यस मनसाय पत्र सम्बन्धित कागजातमा उल्लेख भएका शर्त तथा बन्देजहरुका अधिनमा वा कुनै सूचना दिंदा अन्य कुनै शर्त तथा बन्देज तोकिएकोमा सो को अधिनमा रहने गरी उपलब्ध गराईएको हो ।

यस मनसाय पत्र सम्बन्धि कागजात कुनै सम्झौता होइन । यस मनसाय पत्र सम्बन्धित कागजातमा सम्झौता गर्न प्रकाशन गरिएको दस्तावेज पनि होईन । यस मनसाय पत्र सम्बन्धित कागजातमा निवेदन पेश गर्न इच्छुक व्यक्तिका लागि आवश्यक पर्ने वा उपयोगी हुने सूचनाहरु उपलब्ध गराउने उद्देश्यले तयार गरिएको हो । यस मनसाय पत्र सम्बन्धित कागजातमा उल्लेखित विवरणहरु उपमहानगरपालिकाबाट आयोजनाका सम्बन्धमा गरिएका विभिन्न अनुमान र मूल्याकंनमा आधारित छन र त्यस्तो अनुमान र मूल्याकंन गर्दा प्रस्तावकलाई आवश्यक पर्ने सम्पूर्ण सूचनाहरुलाई संलग्न नगरिएको पनि हुनसक्छ । मनसाय पत्र सम्वन्धित कागजातमा समावेश भएका अनुमान, मूल्याकंन, विवरण तथा सूचनाहरु (विशेष गरी संभाव्यता प्रतिवेदनमा समावेश भएका विषयहरु) पूर्ण, दुरुस्त, पर्याप्त वा सही नहुन पनि सक्छ र सो कारणले गर्दा हरेक निवेदकलाई निवेदन पेश गर्नुपूर्व आफ्नो तर्फबाट आवश्यक खोजविन, अनुसन्धान र मूल्याकंन गरी बोलपत्रमा उल्लिखित विवरण तथा सूचनाहरुको सत्यता, पर्याप्तता, विश्वसनियता र पूर्णताको परिक्षण गर्नका लागि सम्बन्धित विज्ञहरुबाट छुट्टै राय लिन अनुरोध गरिन्छ ।

यस मनसाय पत्र सम्बन्धित कागजातमा उल्लिखित विषयको सत्यता, पर्याप्तता, विश्वसनीयता र पूर्णताको सम्बन्धमा यस उपमहानगरपालिकाले कुनै प्रतिज्ञा वा उद्घोषण गरेको छैन । उक्त विषयहरु समावेश भई कुनै कानून, दुष्कृती वा अनुचित लाभ सम्बन्धी सिद्धान्तका आधारमा कुनै दावी, विरोध, मुद्धा, मामिला, न्यायिक वा प्रशासकिय कारवाही शुरु भएमा सो सम्बन्धमा यस उपमहानगरपालिकाको कुनै दायित्व रहने छैन । यस मनसाय पत्र सम्बन्धित कागजातमा उपमहानगरपालिकाको हेलचेक्राई, लापरवाही वा अन्य कुनै कारणले कुनै विवरण त्रुटीपुर्ण भएको रहेछ र सो त्रुटीपूर्ण विवरणमा आधारित भई कुनै कार्य गर्दा कुनै हानि नोक्सानी व्यहोर्न पर्ने अवस्था सिर्जना भएमा समेत यस उपमहानगरपालिकाको कुनै दायित्व रहने छैन ।

यस मनसाय पत्र सम्बन्धित कागजातमा जारी गरिएको कारणले मात्र कुनै निवेदकलाई छनोट गर्नपर्ने बाध्यता रहने छैन । कुनै वा सबै निवेदक र निवेदनको सम्पूर्ण वा केही अंशलाई कारण खुलाई वा नखुलाई अस्विकार गर्ने वा समग्र प्रस्ताव आह्वानको प्रक्रिया रद्द गर्ने पूर्ण अधिकार उपमहानगरपालिकामा सुरक्षित रहेको छ ।

निवेदनको तयारी गर्दा कागजातहरु प्राप्त गर्दा, फोटोकपी हुलाक सेवा, डेलिभरी शुल्क, उपमहानगरपालिका समक्ष आफ्नो निवेदनको *प्रस्तुती गर्दा लाग्ने खर्च लगायत अन्य सम्पूर्ण काम कारबाहिमा हुने सम्पुर्ण खर्च निवेदक स्वयंमले व्यहोर्नुपर्नेछ ।*

## परिभाषा

यस मनसाय पत्र सम्बन्धित कागजातमा उल्लिखित देहायका शब्दहरुले देहाय बमोजिमको अर्थ बुझाउँछन्:

| मनसायपत्र | मनसाय पत्र सम्बन्धित कागजात |
|---|---|
| उपमहानगरपालिका | बुटवल उपमहानगरपालिका र उपमहानगरपालिका शब्दले सानिसा ऐन र सानिसा नियमावलीद्वारा विभिन्न अधिकार दिई गठन गरिएको सानिसा समिति र सानिसा इकाइलाई समेत जनाउँदछ । |
| सानिसा ईकाइ | सार्वजनिक–निजी साझेदारी ईकाइ |
| सानिसा | सार्वजनिक–निजी साझेदारी |
| सानिसा समिति | सार्वजनिक–निजी साझेदारी समिति |

यस मनसाय पत्र सम्बन्धित कागजातमा परिभाषा दिईएका शब्द तथा शब्दावलीहरु विषय र प्रसंगले अर्को अर्थ लाग्ने भएमा बाहेक अन्य सम्पूर्ण अवस्थामा यहाँ भन्दा माथिको तालिकामा परिभाषा गरिए अनुसार नै अर्थ गर्नुपर्नेछ ।

## मनसायपत्रका लागि आव्हान :

## १. आयोजनाको विवरण

### १.१ पृष्ठभूमिः

१.१.१ बुटवल उपमहानगरपालिका ("उपमहानगरपालिका" भनिएको) बहुतला पार्किङ्ग सहितको बहुउद्देश्यीय भवन निर्माण, संचालन, तथा हस्तान्तरण आयोजना सार्वजनिक–निजी साझेदारी ("सानिसा") मार्फत् सानिसा सम्बन्धी प्रचलित कानुन बमोजिम प्रतिस्पर्धात्मक मनसाय पत्र र प्रस्तावको माध्यमबाट निजी साझेदार छनौट गरी आयोजनाको कार्यन्वयन गर्ने निर्णय गरेको छ । आयोजनाको संक्षिप्त विवरण देहाय अनुसारको छ :

**क. आयोजनाको नाम र ठेगानाः** बहुतला पार्किङ्ग सहितको बहुउद्धेश्यीय भवन निर्माण, संचालन तथा हस्तान्तरण योजना, बुटवल उपमहानगरपालिका - ९ लुम्बिनी टर्मिनल क्षेत्रमा

**ख. आयोजनाको उद्येश्यः**

बुटवल उपमहानगरपालिकाले लुम्बिनी बसटर्मिनल भित्र रहेको जग्गाको कि. नं ५ को क्षेत्रफल ८०५६ वर्ग मि.मा एक बहुतला पार्किङ्ग सहितको बहुउद्धेश्यीय भवन निर्माण गरी बुटवल नगर क्षेत्रको लागि स्थायी पार्किङ्ग सेवा उपलब्ध गराउने लक्ष्य लिएको छ । यसबाट नगरक्षेत्रमा प्रवेश गर्ने साना तथा मझौला यातायातका साधनहरुलाइ सशुल्क पार्किङ्ग सेवा उपलब्ध हुनेछ । यसवाट सवारी साधनको सुरक्षाका साथै यातायात साधनको जथाभावी राख्ने प्रबृत्तिको अन्त भै नगरक्षेत्र सफा सुन्दर हुनेछ । मूलत यस आयोजनाको उद्धेश्य निम्न अनुसार रहेका छन ।

- बुटबल नगरक्षेत्रमा प्रवेश गर्ने साना तथा मझौला सवारी साधनहरुको लागि एक ब्यबस्थित बहुउद्धेश्यिय पार्किङ्ग सहितको भवन निर्माण गर्ने ।
- सार्वजनिक यातायात र निजी सवारीबाट हुने यात्रा र यात्रीलाइ सुरक्षित र भरपर्दो बनाउने ।
- नगरक्षेत्रमा ब्यबस्थित र स्वचालित यातायात प्रणालीको ब्यवस्था गरी नगरको वातावरणीय सुन्दरता कायम गर्ने ।
- बुटवल उपमहानगरपालिको ट्राफिक व्यवस्थापनमा सहजता ल्याइ बजारको सौन्दर्यकरणमा सहयोग पुरयाउने।
- निजी क्षेत्रको लगानीलाई नगरको सेवा प्रवाहमा प्रोत्साहन गरि अन्य क्षेत्र समेतका लागि उदाहरण बन्ने ।

ग. आयोजना कार्यान्वयनको मोडेलः

बुटवल उपमहानगरपालिकाले बहुतला पार्किङ्ग सहितको बहुउद्देश्यीय भवन निर्माण आयोजनाको कार्यान्वयन सार्वजनीक निजी साझेदारी अवधारणा मार्फत गर्नेछ । बुटवल उपमहानगरपालिकाको सार्वजनीक निजी साझेदारी निती २०७४, सार्वजनिक निजी साझेदारी ऐन २०७४ तथा यसको नियमावली २०७६, बमोजिम आयोजनाको सामान्य विवरण तयार पारिएको छ । जसअनुसार बुटवल उपमहानगरपालिका साबिक वार्ड नं ११ हाल वार्ड न ९ स्थित कि. नं. ५ को बुटवल उपमहानगरपालिकाको स्वामित्वमा रहेको जग्गा क्षेत्रफल २७,४८३.२० वर्गमिटर मध्ये लुम्बिनी बसटर्मिनल संगै दक्षिण तर्फको ७६X१०६ मिटर (८०५६ ब.मि.) खाली जग्गामा एक बेसमेण्ट सहित बहुतला पार्किङ्ग सहितको बहुउद्धेश्यीय भवन निर्माण गरिनेछ । भवनमा बेसमेण्ट, ग्राउण्ड फ्लोर, पहिलो र दोश्रो तलामा सार्वजनिक, निजी र भाडाका सवारी साधनको लागि पार्किङ्ग स्थल बनाइने छ भने बाँकी तला व्याबसायिक प्रयोजनका लागि निर्माण गरिनेछ । नक्शा, डिजाइन र विस्तृत आयोजना विवरण निजी क्षेत्रबाट तयार गरी निश्चित अवधिभित्र आयोजनाको निर्माण, सञ्चालन तथा हस्तान्तरण गर्ने गरी निजी क्षेत्रलाइ लगानी गर्न प्रस्ताव आव्हान गरिनेछ ।

घ. अनुमानित लागत :

यस आयोजनाको प्रारम्भिक अनुमानित लागत रु. एकसय पचास करोड हुने अनुमान गरिएको छ । तर निजी क्षेत्रले प्रारम्भिक नक्शा, डिजाइन र लेआउटमा भन्दा फरक किसिमले नयाँ अवधारणामा विस्तृत आयोजना विवरण तयार गरी प्रस्ताव गरेर वार्तामा सहमति भएमा सोही अनुसारको बहुतला पार्किङ्ग सहितको बहुउद्धेश्यीय भवन निर्माण गर्न सकिनेछ ।

ड. परियोजना अवधी

आयोजनाको अवधि लगानीकर्ताले गरेको प्रस्ताव र ढाँचा उपर हुने वार्ता र सहमति बमोजिम हुनेछ । आयोजनाको निर्माण, सञ्चालन तथा हस्तान्तरण अवधि सार्वजनिक निजी साझेदारी ऐन २०७४ तथा यसको नियमावली २०७६ मा भएको अधिकतम ब्यबस्था भन्दा बढी हुनेछैन ।

च. आयोजनाको निर्माण, सञ्चालन तथा हस्तान्तरण :

आयोजनाको निर्माण, सञ्चालन तथा हस्तान्तरण बुटवल उपमहानगरपालिका र प्रस्ताव छनौट भएको व्यक्ति, संस्था तथा कम्पनी बीच सार्वजनिक निजी साझेदारी ऐन २०७४ को दफा ३० अनुसार हुने सम्झौता अनुसार हुनेछ ।

छ. आयोजनाको अनुगमन तथा मुल्यांकन र प्रतिवेदन

आयोजना कार्यान्वयनको क्रियाकलापहरुको निरिक्षण, अनुगमन तथा मुल्यांकन उपमहानगरपालिका तथा निजी क्षेत्रले एक्लै वा संयुक्त रुपमा नियमित रुपमा गर्नेछन । बुटवल उपमहानगरपालिकाको सार्वजनिक निजी साझेदारी समिति, ईकाई तथा तोकिएको व्यक्तिबाट समेत नियमित अनुगमन र

मूल्यांकन गरिने छ । सम्झौता बमोजिम भएको कार्य प्रगति, सिकाइ, तथा कार्यान्वयका क्रममा आएका विषयवस्तुहरुलाई प्रतिवेदनको रुपमा बुटवल उपमहानगरपालिकालाई मासिक रुपमा पेश गर्नु पर्नेछ ।

प्रस्तावदातालाई प्रस्तावको विभिन्न चरणमा प्रवेश गराउने प्रयोजनका लागि उपमहानगरपालिकाले उक्त प्रस्तावदाता छनौट गरी संक्षीप्त सूची तयार गर्नेछ ।

१.१.२ प्रस्तावको विभिन्न चरणमा छनोट भएको निवेदकले उपमहानगरपालिकासँग यस आह्वानपत्रमा तोकिएका ढाँचामा आयोजना सम्झौता गर्नुपर्नेछ । त्यसरी छनोट भएको निवेदक आयोजनाका कार्यान्वयनको डिजाईनीङ्ग, ईन्जीनियरिङ्ग लगानी तथा लगानी व्यवस्थापन, खरिद, निर्माण, संचालन, मर्मत संभार लगायतका सम्पूर्ण पक्षहरुका लागि जिम्मेवार हुनेछन् ।

१.१.३ आयोजनाको प्रारम्भिक अनुमानित लागत माथि शर्त नं. १.१.१ घ मा उल्लेख गरिएको छ । तर, प्रस्तावकर्ताले नयाँ अवधारणमा नयाँ डिजाइन, नक्सा सहित पेश गरेको आयोजनाको बिस्तृत आयोजना बिबरण प्रतिवेदनमा सहमति भएमा सोही लागत कायम हुनेछ ।

१.१.४ अनुमति प्राप्त व्यक्तिले आयोजनाको विकास तथा संचालनको अनुमति प्राप्त गरे वापत उपलब्ध गराउनुपर्ने सेवा र दायित्व लगायतका अन्य विस्तृत शर्त तथा बन्देजहरु आयोजना सम्झौतामा व्यवस्था भए बमोजिम हुनेछ ।

१.१.५ यस मनसाय पत्र सम्बन्धित कागजातमा उल्लिखित विवरण जानकारीको प्रयोजनका लागि मात्र हो । यस मनसाय पत्र सम्बन्धित कागजातमा उल्लिखित कुनै पनि विषय, वा प्रावधानले आयोजना सम्झौताको कुनै पनि शर्त वा व्यवस्थालाई सिमित पार्ने वा सोको कार्यन्वयनमा प्रतिकुल असर पार्ने छैन ।

१.१.६ उप महानगरपालिकाले यस मनसाय पत्र सम्बन्धित कागजातमा उल्लिखित शर्त कागजात यसमा तोकिए बमोजिम तथा उप महानगरपालिकाले उपलब्ध गराउने अन्य कागजात (**"प्रस्ताव सम्बन्धी कागजात**" भनिएको) मा सोही बमाजिम कागजातमा उल्लेख भए अनुसार प्रस्तावपत्र ग्रहण गर्नेछ । प्रस्तावकर्ताले शर्त नं १.२.४ मा उल्लेख भए बमोजिमको मिति (**"प्रस्तावपत्र पेश गर्नुपर्ने मिति"** ) भित्र निवेदन पेश गरिसक्नुपर्नेछ ।

### *१.२ प्रस्ताव छनोट प्रकृयाको संक्षिप्त विवरण:*

१.२.१ प्रस्तुत आयोजनाको लागि उपमहानगरपालिकाले दुई चरणको प्रस्ताव छनोट प्रक्रिया अवलम्बन गरेको छ । उक्त प्रक्रियाको पहिलो चरण (**"योग्यता परीक्षण"**) मा यस आह्वानपत्रको व्यवस्था अनुसार इच्छुक प्रस्तावकर्ता (**संयुक्त उपक्रम** समेत) को योगयता परीक्षण गरिने छ । ग्राह्यताको परीक्षण तथा मूल्यांकन सम्पन्न भएपछि उपमहानगरपालिकाले योग्य प्रस्तावकर्ताहरुको संक्षिप्त सूची प्रकाशित गर्ने छ । उपर्युक्त बमोजिम योग्य ठहरिएका प्रस्तावकर्ताहरुले प्रस्ताव आह्वानपत्र अनुसारको दोश्रो चरणको प्रस्ताव छनोट प्रक्रिया "**प्राविधिक तथा आर्थिक प्रस्तावको चरण**" मा सहभागी हुन सक्नेछन् ।

१.२.४ निवेदन छनोट प्रक्रियाको समयतालिका देहाय बमोजिम रहेको छ:

| सि.नं. | कार्यक्रमको सूची | मिति |
|---|---|---|
| १ | सोधपूछ गर्न सकिने अन्तिम मिति | २०७६/९/१२ |
| २ | निवेदन पूर्वको बैठक | २०७६/९/९ |
| ३ | उप महानगरपालिकाले सोधिएको जानकारी उपलब्ध गराउनुपर्ने अन्तिम मिति | २०७६/९/१२ |
| ४ | निवेदन पेश गर्नुपर्ने अन्तिम मिति | २०७६/९/१४ गते दिनको १२:०० बजेसम्म |
| ५ | निवेदन छनौट गर्ने मिति | निवेदन पेश गरेको मितिले ७ दिन भित्र |
| ६ | संक्षिप्त सूची तयार गर्ने मिति | मनसाय पत्र खोलेको मितिले ७ दिन भित्र |
| ७ | छनौट भएका निवेदकहरुलाई सूचना दिइने | संक्षिप्त सूची तयार गरेको मितिले ३ दिन भित्र |

<u>नोटः</u>

मनसायपत्र आव्हान सम्वन्धमा कुनै विषयमा सोधपुछको लागि बुटवल उपमहागरपालिकाको सानिसा शाखा मा सम्पर्क गर्न सकिनेछ ।

## २. निवेदकहरुलाई निर्देशन

### क. सामान्य शर्तहरु

**२.१ निवेदनको दायरा**

२.१.१ प्रस्तावको विभिन्न चरणका लागि उपमहानगरपालिकाले पेश गरिएका निवेदन मध्येबाट योग्यता परिक्षण गरी संक्षिप्त सूची तयार गरी अनुभवि एवं दक्ष निवेदक छनौट गर्नेछ ।

२.१.२ संक्षिप्त सूचीमा परेका निवेदकहरुबाट आयोजना कार्यान्वयन गर्नका लागि प्रस्ताव पेश गर्न आमन्त्रण गरिनेछ ।

**२.२ निवेदकको योग्यता**

२.२.१ निवेदकहरुको योग्यता परिक्षण गर्दा देहाय बमोजिम गरिनेछः

(क) आयोजना कार्यान्वयन गर्न इच्छुक निवेदक एक प्रतिष्ठान वा प्रतिष्ठानको समुह **"संयुक्त उपक्रम"** हुन सक्नेछन् । निवेदक प्राकृतिक व्यक्ति वा प्रतिष्ठान वा संयुक्त उपक्रम हुन सक्नेछन् । तर कुनै पनि निवेदक एकल रुपमा वा संयुक्त उपक्रममा निवेदन पेश गर्दा अरु निवेदकको सदस्य भने हुन पाउने छैनन् । यस मनसायको आह्वानपत्रमा प्रयोग गरिएको **"निवेदक"** शब्दले दुबै एकल रुपमा वा संयुक्त उपक्रममा निवेदन पेश गर्ने निवेदकलाई जनाउँदछ ।

(ख) प्रस्तावको प्रकृयामा कुनै पनि किसिमको आँच वा खलल् पुग्ने गरी निवेदकको कुनै पनि किसिमको स्वार्थ बाझिन हुँदैन । कुनै निवेदकको त्यसरी स्वार्थ बाझिएको पाइएमा उक्त निवेदकको निवेदन स्वतः खारेज गरिनेछ/भएको मानिने छ ।

२.२.२ निवेदकले निवेदन पेश गर्दा अनुसूची–२ को ढाँचामा अधिकार प्रत्यायोजनपत्र (Power of Attorney) अख्तियारवाला किटान गरी पेश गर्नुपर्नेछ । यदि प्रस्तावकर्ता कुनै संयुक्त उपक्रम रहेको भएमा संयुक्त उपक्रमको मुख्य सदस्यको नाम स्पष्ट किटान गरी अनुसूची–३ बमोजिमको ढाँचामा अधिकार प्रत्यायोजनपत्र (Power of Attorney) पेश गर्नुपर्नेछ ।

**२.३ संयुक्त उपक्रमको संरचनामा फेरबदल भएको अवस्था**

२.३.१ मनसायपत्र परिक्षणको चरणमा संयुक्त उपक्रमको संरचनामा फेरबदल भएको अमान्य हुनेछ ।

२.३.१ तर देहायको अवस्थामा भने संयुक्त उपक्रमको संरचनामा फेरबदल भएको मान्य हुनेछ :

(क) प्रस्तावको अन्तिम मिति भन्दा ३ दिन अगाडि त्यस्तो फेरबदलको माग गरि निवेदन पेश गरेमा,

(ख) संयुक्त उपक्रमको मुख्य सदस्य नै मुख्य सदस्य भई त्यस्तो फेरबदल भएमा,

(ग) संयुक्त उपक्रमको विकल्प कम्तिमा प्राविधिक क्षमतामा बराबर भएमा र त्यसरि फेरबदल भएको संयुक्त उपक्रमले निवेदकको मनसाय पत्र परिक्षणे र अन्य चरणको मापदण्ड पुरा गरेको खण्डमा,

(घ) त्यस्तो फेरबदल पश्चात नयाँ सदस्य(हरु) ले पहिले नै दर्ता गरेको निवेदनलाई सहर्ष स्वीकार गरेमा र त्यस्ता नयाँ सदस्य(हरु) यसै आयोजनामा अरु संयुक्त उपक्रमको कुनै पनि किसिमको सदस्यतामा नरहेको भएमा,

२.३.२ संयुक्त उपक्रमको संरचनामा फेरबदलको विषय उपमहानगरपालिकाको नितान्त स्वविवेकमा निर्भर रहन्छ र त्यस्ता फेरबदल स्वीकार हुन सक्ने अवस्थामा उपमहानगरपालिकाले लिखित रुपमा स्वीकार गर्नुपर्नेछ ।

**२.४. निवेदकको संख्या र खर्च**

२.४.१ एक भन्दा बढी निवेदन पेश गर्न पाइने छैन । कुनै निवेदक स्वयं आफैं वा संयुक्त उपक्रमको सदस्यको रुपमा निवेदन पेश गरेकोमा आफैं वा अर्को संयुक्त उपक्रमको सदस्य भएर प्रस्ताव पेश गर्न पाइने छैन ।

२.४.२ निवेदन तयार गर्दा र प्रस्तावको प्रकृयामा लाग्ने सम्पूर्ण खर्चहरु निवेदकहरुले स्वयंले व्यहोर्नुपर्नेछ । योग्यता परिक्षण प्रकृया सम्पन्न भएपश्चात जे जस्तो नतिजा आएपनि त्यस्तो खर्चहरु नगरपालिकाले व्यहोर्ने छैन ।

**२.५ निवेदकको स्विकारोक्ति**

२.५.१ निवेदन पेश गर्दा प्रस्तावकर्ताहरुले देहाय अनुसार स्विकार/कबुल गरेको मानिनेछ :

(क) प्रस्ताव सम्बन्धी सम्पूर्ण कागजातहरुको परिक्षण गरेको;

(ख) उप महानगरपालिकाबाट प्राप्त गर्नुपर्ने सम्पूर्ण सूचनाहरु प्राप्त गरिसकेको

(ग) यस आह्वानपत्र अन्तर्गत तोकिएका शर्त, दायित्व तथा बन्देजहरुको परिपालना गर्ने;

(घ) निवेदकको स्वार्थ बाझिने अवस्था नरहेको/नभएको;

२.५.२ माथि उल्लिखित कुनै पनि कुराहरुमा वा आह्वानपत्र, र प्रस्ताव सम्बन्धी कागजातहरुमा कुनै तथ्य वा विषय छुटेको वा त्रुटीपूर्ण भएको आधारमा उपमहानगरपालिकाले कुनै दायित्व व्यहोर्न, तिर्न वा बुझाउन पर्नेछैन ।

२.६ यस आह्वानपत्रमा जुनसुकै कुरा उल्लेख भएतापनि उपमहानगरपालिकासँग जुनसुकै बखतमा पेश हुन आएको निवेदन कारण खुलाएर वा नखुलाईकन पनि अस्विकार गर्ने वा प्रस्तावको प्रकृयालाई नै अन्य गर्ने अधिकार सुरक्षित रहनेछ ।

ख. कागजातहरु:

निवेदकले देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्ने छ ।

संलग्न हुनु पर्ने कागजातहरु:

(क) मनसायपत्र पेश गर्ने कम्पनी भएमा :

१. कम्पनी दर्ता प्रमाणपत्र,

२. कर चुक्ता प्रमाणपत्र (कर सम्बन्धी कानून बमोजिम पछिल्लो आर्थिक वर्षको),

३. मुल्य अभिवृद्धि करमा दर्ता पर्माणपत्र ।

(ख) मनसायपत्र पेश गर्ने व्यक्ति/संस्थाको आयोजना कार्यान्वयन गर्न सक्ने आर्थिक क्षमता पुष्टि गर्ने कागजात जारी भएको प्रमाणपत्र, आधिकारिक लेखा परीक्षण प्रतिवेदन र बैंक तथा वित्तिय सँस्थाले दिएको आधिकारिक पत्र वमोजिम हुनु पर्नेछ । प्राविधिक क्षमताको हकमा उपकरण र मेशिनरी औजार भएमा आफ्नो स्वामित्वको भएमा ब्लु बुक र भाडामा प्राप्त गर्ने भएमा सोको सम्झौता पेश गर्नु पर्नेछ । जनशक्तिको हकमा संगठन भित्र भएमा सो को संगठन तालिका र करारमा भए करारनामा पेश गर्नु पर्नेछ ।

ग) आयोजना कार्यान्वयन सम्बन्धी व्यवसायिक योजना ।

घ) सानिसा इकाईले तोकेको अन्य आवश्यक विवरण ।

२.७ मनसाय आह्वानपत्रको विषयसूची

२.७.१ यस आह्वानपत्रमा यहां भन्दा माथि उल्लेख भएको दायित्व नहुने उद्घोषण देहायमा उल्लिखित विषयसूची र शर्त नं. २.८ अनुसार गरिने/हुने थप व्यवस्थाहरु यस आह्वानपत्रको अभिन्न अङ्ग हुनेछ।

मनसाय आह्वानपत्र

| | |
|---|---|
| खण्ड १. | परिचय |
| खण्ड २. | निवेदकको लागि निर्देशन |
| खण्ड ३. | निवेदनको मुल्यांकन |
| खण्ड ४ | मूल्याकंनका आधार |
| खण्ड ५ | निवेदन पूर्वको बैठक |
| खण्ड ६ | विविध |

अनुसूची

१. निवेदन पेश गर्ने पत्रको ढाँचा

२. निवेदनमा हस्ताक्षर गर्नका लागि अधिकार प्रत्यायोजन पत्र (Power Of Attorney)

३. संयुक्त उपक्रमको मुख्य सदस्य (Lead Member) का लागि दिईने अधिकार प्रत्योजनपत्र (Power Of Attorney)

२.७ **प्रष्टिकरण**

२.७.१ यस आह्वानपत्रमा उल्लिखित कुनै विषयका सम्बन्धमा कुनै प्रष्टिकरण चाहिएमा निवेदकले हुलाक/कुरियर वा ई–मेल मार्फत शर्त नं. १.२.४ मा उल्लिखित समयसिमा भित्र प्रष्टिकरण अनुरोध गर्न सक्नेछन ।

२.८ **मनसायको आह्वानपत्रमा संशोधन**

२.८.१ उपमहानगरपालिकाले स्वविवेकमा वा लिखित प्रष्टिकरण माग भएपछि आवश्यक ठानेमा आवश्यकता अनुसार यस आह्वानपत्रमा संशोधन गर्न सक्नेछ । यस आह्वानपत्रमा कुनै संशोधन भएमा त्यस्तो संशोधन लिखित रुपमा हुनेछ र सो सार्वजनिक सूचना मार्फत प्रकाशित गरिनेछ ।

## ग. निवेदनको तयारी तथा पेश गर्ने :

**२९ भाषा तथा निवेदनको ढाँचा र हस्ताक्षर:**

२९.१ निवेदन लगायत मनसायपत्रको चरणमा आउने सम्पूर्ण दस्तावेज नेपाली/अंग्रेजी भाषमा हुनेछन् ।

२९.२ निवेदकले यस आह्वानपत्र मार्फत माग गरिएका सम्पूर्ण सूचनाहरु उल्लेख गरी निवेदन पेश गर्नुपर्नेछ । नगरपालिकाले तोकिएको ढाँचामा पेश हुन आएको निवेदनहरु र तोकिए बमोजिम रित पुगेको निवेदनहरु मात्र ग्रहण गर्नेछ ।

२९.३ निवेदन र सो को प्रतिलिपि गाढा कालो नमेटीने अक्षरमा टाईप गरी हरेक पृष्ठमा अख्तियारप्राप्त व्यक्तिले हस्ताक्षर गरी पेश गर्नुपर्नेछ ।

**२१० निवेदनमा सिलबन्दी गर्ने सम्बन्धी व्यवस्था:**

२१०.१ निवेदकले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन तयार गरी खामबन्दी गरेर खामको माथिल्लो भागमा "**मनसायपत्रको निवेदन**" उल्लेख गरी पेश गर्नुपर्नेछ ।

२१०.२ निवेदनसाथ संलग्न गर्नुपर्ने थप कागजातहरु एउटा छुटै खाममा खामबन्दी गरी सो खामको माथिल्लो भागमा "**मनसायपत्रको निवेदनसाथ संलग्न कागजाताहरु**" उल्लेख गर्नुपर्नेछ । उक्त खामबन्दी भित्र देहायका कागजातहरु संलग्न गरिएको हुनुपर्नेछ :

(क) अनुसूची १ को ढाँचामा निवेदन

(ख) अनुसूची २ को ढाँचामा प्रस्तावपत्रमा हस्ताक्षर गर्नका लागि दिईने अधिकार प्रत्यायोजनपत्र

(ग) संयुक्त उपक्रमको तर्फबाट प्रस्तावपत्र पेश गर्ने भएमा अनुसूची ३ को ढाँचामा संयुक्त उपक्रमको मुख्य सदस्यलाई दिईएको अधिकार प्रत्यायोजनपत्र

(घ) यदि निवेदक कम्पनी भए, प्रबन्धपत्र र नियामवाली र यदि निवेदक संयुक्त उपक्रम भए संयुक्त उपक्रम सम्झौता,

(ङ) गत आ.व को लेखा परिक्षण प्रतिवेदन

(च) सि.डि. वा पेनड्राइभमा निवेदन (२ प्रति)

२१०.३ प्रस्तावकर्ताले प्रस्तावपत्र पेश गर्दा माथि शर्त नं. २.१०. मा उल्लेख भएका कागजातहरुमा सिलसिलेवर रुपमा पृष्ठ संख्या राखी छुटै खामबन्दी गरी खामको माथिल्लो भागमा "सक्कल कागजातहरु" भनी उल्लेख गर्नुपर्नेछ ।

२.१०.४ माथि शर्त नं. २.१०.१, २.१०.२ र २.१०.३ मा उल्लिखित खामबन्दीलाई बाहिरबाट एउटा छुट्टै खामले खामबन्दी गरी सहीछाप गरेको हुनुपर्नेछ । उल्लिखित चारैवटा खामबन्दीको माथिल्लो भागमा देहाय अनुसारको विवरण उल्लेख गर्नुपर्नेछ :

**बहुतला पार्किङ्ग सहितको बहुउद्धेश्यीय भवन निर्माण आयोजना** र प्रस्तावकर्ताको नाम र ठेगाना पनि स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । यसका अतिरिक्त, खामबन्दीको सिरान तर्फको दायाँ किनारमा मनसायपत्र पेश गर्नुपर्ने अन्तिम मिति पनि स्पष्ट रुपमा उल्लेख गरिएको हुनुपर्नेछ ।

२.१०.५ हरेक खामबन्दीलाई देहाय अनुसार हुने गरी प्रापकको ठेगाना उल्लेख गर्नुपर्नेछ :

| | |
|---|---|
| ध्यानाकर्षण: | श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु, |
| पद: | प्रमुख प्रशासकिय अधिकृत |
| ठेगाना | बुटवल उपमहानगरपालिका,रुपन्देही |
| ई-मेल ठेगाना | info@butwalmun.gov.np |

२.१०.६ माथि उल्लेख भएको निर्देशन अनुसार निवेदन खामबन्दी गरी पेश गरेको नपाईएमा कुनै तरिकाले कागजातहरु हराएमा वा निवेदन खोल्ने समयभन्दा पहिले नै खोलिएमा वा सो का कारणले प्रस्तावकले कुनै नोक्सानी व्यहोर्नुपरेमा उपमहानगरपालिकाको कुनै जिम्मेवारी रहने छैन ।

२.१०.७ फ्याक्स, टेलेक्स, टेलिग्राम वा ई–मेल मार्फत पेश हुन आएको प्रस्तावपत्रहरु ग्राह्य हुने छैन ।

## २.११ निवेदन पेश गर्नुपर्ने अन्तिम मिति

२.११.१ निवेदकले निवेदन पेश गर्दा निवेदन पेश गर्नुपर्ने अन्ति मिति २०७६।९।१४ गते १२:०० बजे सम्म यस आह्वानपत्रमा तोकिएको ढाँचामा शर्त नं. २.१०.५ मा उल्लेख भएको ठेगानामा पठाइसक्नुपर्नेछ । सो पश्चात् प्रस्तावपत्र पेश गरिएको निस्सा अनुसूची २ वा ३ मा उल्लिखित व्यक्ति वा अधिकारीबाट लिनुपर्नेछ । सो समय व्यतित भएपश्चात प्राप्त हुन आएको प्रस्तावपत्र ग्राह्य हुनेछैन ।

## २.१२ ढिला बुझाइएको निवेदन

२.१२.१ निवेदन पेश गर्नुपर्ने अन्तिम मिति भन्दा पछि बुझाइएको निवेदन स्वत बदर हुनेछ ।

## २.१३ निवेदनमा संशोधन, हेरफेर गर्ने वा निवेदन फिर्ता लिने:

२.१२.१ निवेदकले निवेदन पेश गर्नुपर्ने अन्तिम मिति भन्दा अगावै निवेदनमा संशोधन, हेरफेर गर्ने वा निवेदन फिर्ता लिन सक्नेछन् । निवेदन पेश गर्नुपर्ने अन्तिम मिति पश्चात निवेदनमा संशोधन, हेरफेर गर्ने वा फिर्ता लिन पाइने छैन ।

२.१२.२ निवेदकले निवेदन पेश गरेपश्चात निवेदनमा संशोधन, हेरफेर वा फिर्ता लिएर अर्को निवेदन पेश गरेमा माथि शर्त न. २.१० अनुसार पुनः खामबन्दी गरी “संशोधन” वा “हेरफेर” वा “फिर्ता लिई अर्को पेश गरेको” भन्ने व्यहोरा जनाउनुपर्नेछ ।

## घ. मूल्याकंन प्रकृया

## ३. निवेदनको मुल्यांकन

### ३.१ निवेदन खोल्ने तथा मूल्याकंन सम्बन्धी व्यवस्था:

३.१.१ उपमहानगरपालिकाले निवेदन पेश गर्नुपर्ने अन्तिम मिति व्यातित भएको दिन १:०० बजे बुटवल उपमहानगरपालिकामा उपस्थित निवेदकहरुको रोहवरमा मनसायपत्र खोलिने छ । तर निवेदक वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभएं पनि तोकिएको समयमा प्रस्ताव खोल्न बाधा पुग्ने छैन ।

३.१.२ शर्त नं. ३.१.१ बमोजिम निवेदन खोलिसके पश्चात यस आह्वानपत्रमा उल्लिखित व्यवस्थाहरुका आधारमा प्रस्तावहरुको परीक्षण तथा मूल्याकंन गरिने छ ।

### ३.२ पूर्णताको परीक्षण:

३.२.१ निवेदकहरुको मूल्याकंन गर्नुपूर्व उपमहानगरपालिकामा प्राप्त हुन आएका प्रत्येक निवेदनहरुको पूर्णताको परीक्षण गर्नुपर्नेछ । देहाय बमोजिमको रित पुगेको प्रस्तावहरुलाई पूर्ण मानिनेछ ।

(क) अनुसूची १ बमोजिमको ढाँचामा पेश भएको;

(ख) प्रस्ताव पेश गर्नुपर्ने समय र मिति भित्र पेश हुन आएको,

(ग) शर्त नं. २.१० मा उल्लेख भए अनुसार सहिछाप गरी खामबन्दी गरी पेश गरेको,

(ङ) अनुसूची २ को ढाँचामा अधिकार प्रत्यायोजन पत्र पेश हुन आएको,

(च) यस प्रस्ताव आह्वानपत्र अुनसार पेश गर्नुपर्ने भनी तोकिएको सम्पूर्ण कागजातहरु (ढाँचा तोकिएको भए सोही ढाँचामा) पेश भएको,

(छ) निवेदकको तर्फबाट थप शर्त तथा सीमितताहरु प्रस्ताव नगरिएको वा पेश भएको प्रस्ताव शर्तपूर्ण नभएको ।

३.२.२ उपमहानगरपालिसंग माथि शर्त नं. ३.२.१ मा उल्लिखित शर्तहरुका आधारमा अपूर्ण देखिएका निवेदनहरु अस्वीकार गर्ने अधिकार सुरक्षित रहने छ र उपमहानगरपालिकाले त्यस्तो अपूर्ण निवेदनको हकमा कुनै पनि प्रकारको संशोधन, स्पष्टीकरण वा फिर्ता लिनका लागि गरिएको अनुरोध स्विकार गर्ने छैन । तर, यस व्यवस्थाले उपमहानगरपालिकालाई स्वविवेकमा पेश भएको निवेदनमा सारभूत रुपमा प्रभाव नपार्ने गरी निवेदनमा उल्लेखित व्यहोरा सच्याउन वा छुटेको व्यहोरा थप गर्न अनुमति दिन सक्नेछ ।

## ङ. योग्यता र प्रस्ताव

तोकिएको मिति समय भित्र प्राप्त निवेदनहरुको मुल्यांकन पश्चात उपमहानगरपालिकाले संक्षिप्त सूची छनौटको योग्यताको मूल्यांकनको आधारमा संक्षिप्त सूची तैयार पार्नेछ र संक्षिप्त सूची मा परेका निवेदकहरु

मात्रै अर्को चरणको प्रक्रियामा भाग लिन पाउने छन । यसका साथसाथै उपमहानगरपालिकाले संक्षिप्त सूचीमा पर्न असमर्थ निवेदकहरुलाई लिखित सूचना मार्फत जानकारी गराउने छ ।

## ४. संक्षिप्त सूचीको छनौटको मुल्यांकनको आधार

४.१ ग्राह्यता र पूर्णताको परीक्षणबाट सफल भएका निवेदकहरु मात्रै दफा ४.३ बमोजिम मुल्यांकनका लागि योग्य हुनेछन, त्यो भन्दा बाहेकका निवेदनहरु स्वतः खारेज गरिनेछन ।

४.२ निवेदकको पुर्ण योग्यता देहाय बमोजिम मापन गरिनेछः

क. प्राविधिक क्षमता

ख. आर्थिक क्षमता

ग. अनुभव

४.३ कुल १०० पुर्णाङ्क मा देहाय बमोजिम मुल्यांकन गरिनेछः

*क. प्राविधिक क्षमता (५० पुर्णाङ्क )*

- आयोजना कार्यान्वयन गर्न यदि मेशिन, औजार वा जनशक्ति चाहिने अवास्थामा उक्त मेशिन, औजार, जनशक्ति भए/नभएको ।

*ख . आर्थिक क्षमता (३० पुर्णाङ्क )*

- निवेदकको आयोजना सर्भे गर्ने, संचालन गर्ने र मर्मत गर्ने आर्थिक क्षमता नै यस क्षमताको आधार हो । यदि निवेदक कम्पनी भएमा कम्पनीका सम्पति, अधिकृत पूँजि वा कम्पनीलाइ बैंकबाट प्रवाह हुन सक्ने ऋण समेत यस क्षमताको आधार हुनेछ. ।

*ग . अनुभव (२० पुर्णाङ्क )*

- यस आयोजना जस्तै अरु आयोजनामा सहभागी भएको अनुभव नै यस क्षमताको आधार मानिनेछ ।

सामान्य अवस्थामा निवेदकले कम्तिमा ६० अंक ल्याएको खण्डमा मात्रै सो निवेदक अर्को चरणका लागि छनोट हुनेछ । तर कुनै पनि निवेदकले कम्तिमा ६० अंकभार ल्याउन नसकेमा वा एक वा दुइवटा निवेदकले मात्र ६० अंक प्राप्त गरेको बिशेष अवस्थामा पचास अंक सम्म ल्याउने निवेदक समेत संक्षिप्त सूचीमा छनोटका लागि योग्य हुनेछन ।

## ५. निवेदन पूर्वको बैठक

५.१ निवेदन पूर्वको बैठक २०७६।९।९ गते दिनको २ बजे उपमहानगरपालिकाको कार्यालयमा आयोजना गरिनेछ । निवेदकहरु यस बैठकमा आफ्ना भनाइहरु राख्न स्वतन्त्र रहनेछन् । उपमहानगरपालिकाले निवेदकहरु बाट आएका कुनै प्रतिक्रिया वा अनुरोध आफ्नो स्वविवेक मा सम्बोधन गर्न सक्नेछ ।

## ६. विविध

६.१ निवेदन छनोट प्रक्रियामा र यस सम्बन्धमा उत्पन्न कुनै विषयको व्याख्या प्रचलित नेपाल कानून अनुसार हुनेछ । निवेदन पेश गर्ने देखि आयोजना सम्झौतामा हस्ताक्षर गर्ने चरणसम्ममा कुनै विवाद आईपरेमा त्यस्ता विवादको निरुपण सानिसा सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

६.२ **ठगी तथा भ्रष्टाचारजन्य कार्यहरु**

६.२.१ मनसायपत्रकर्ता, प्रस्तावकर्ता वा प्रवर्धक र निजका पदाधिकारी, कर्मचारी, प्रतिनिधि र सल्लाहकार (यसपछि सहजताका लागि **दोश्रो पक्ष** भनिएको) ले प्रस्ताव सम्बन्धी प्रक्रियादेखि आयोजना सम्झौताको अवधिभर यस खण्डमा उल्लेखित आचारसहिंताको उच्चतम परिपालना गर्नुपर्नेछ । यस प्रस्ताव, प्रस्ताव आह्वानपत्र वा आयोजना सम्झौतामा जुनसुकै कुरा उल्लेख भए तापनि दोश्रो पक्षले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भ्रष्टचारजन्य कार्य, प्रतिस्पर्धा सीमित पार्ने क्रियाकलाप, अनुचित कार्य आदिमा संलग्न भएको पाइएमा उपमहानगरपालिकाले जुनसुकै बखत आवश्यकता अनुसार मनसायपत्र वा प्रस्तावपत्र अस्वीकार गर्ने, आयोजना विकास र संचालन गर्ने अनुमतिपत्र रद्द गर्ने वा आयोजना सम्झौताको अन्त्य गर्न सक्दछ । यसरी मनसायपत्र वा प्रस्तावपत्र अस्वीकार गर्दा, आयोजना विकास र संचालन गर्ने अनुमतिपत्र रद्द गर्दा वा आयोजना सम्झौताको अन्त्य गर्दा नगरपालिका विरुद्ध कुनै दायित्व सिर्जना हुने छैन । उपमहानगरपालिकालाई कुनै दोश्रो पक्ष प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भ्रष्टाचारजन्य कार्य, प्रतिस्पर्धा सीमित पार्ने क्रियाकलाप, अनुचित कार्य आदिमा संलग्न भएको लागेमा त्यस्तो दोश्रो पक्षले पेश गरेको बोलपत्र सुरक्षण, प्रस्तावपत्र सुरक्षण वा कार्यसम्पादन सुरक्षण जफत गर्न सक्नेछ । यस व्यवस्था अनुसार त्यसरी सुरक्षण जफत गरेको कारणले उपमहानगरपालिकालाई प्रचलित कानुन, मनसायपत्र सम्बन्धी कागजात, आयोजना सम्झौता अन्तरगतको अधिकार र उपचारको प्रयोगमा बन्देज लगाएको मानिने छैन ।

६.२.२ दोश्रो पक्षले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भ्रष्टचारजन्य कार्य, प्रतिस्पर्धा सीमित पार्ने क्रियाकलाप, अनुचित कार्य आदिमा संलग्न भएको पाईएमा निजलाई उपमहानगरपालिकाले जारी गरेको कुनै अन्य कुनै प्रस्तावमा सहभागी हुन कम्तीमा २ वर्षसम्मका लागि अयोग्य हुनेछ ।

# अनुसूचीहरु

## अनुसूची १

### निवेदन पेश गर्ने पत्रको ढाँचा

**आह्वनपत्रको शर्त २.१०.१ मनसाय पत्र निवेदनसंग सम्बन्धित**

*(निवेदकले स्पष्टरूपमा आफ्नो नाम र ठेगाना उल्लेख भएको लेटर प्याडमा यो आह्वनपत्रको निवेदन तयार गर्नु पर्दछ । )*

मिति : ...

मनसाय पत्र आह्वान नं...

श्री

...................

...................

आह्वानपत्रसंग सम्बन्धित सम्पूर्ण कागजातहरुको जाँच परीक्षण गरी माथि उल्लेखित आयोजनामा निवेदन पेश गर्दै हामी देहायको घोषणा गर्दछौ ।

१. उपमहानगरपालिकाले निवेदक छनौट गर्दा निवेदकहरुले पेश गरेको निवेदन र लिखत कागजातहरुको आधारमा गर्ने कुरालाई स्विकार गर्दै पेश गरिएका सम्पुर्ण दस्तावेज र जानकारीहरु साँचो भएको स्वीकार गर्दछौं । यसका साथै सम्पूर्ण दस्तावेजहरु सक्कल बमोजिमको नक्कल भएको कुरालाई समेत स्वीकार गर्दछौं ।

२. यहाँ उल्लेख गरिएका जानकारीहरु उपमहानगरपालिका **बहुतला पार्किङ्ग सहितको बहुउद्धेश्यीय भवन निर्माण आयोजना"** कार्यान्वयन गर्नका लागि प्रस्ताव छनौट गर्दा हामी छनौट हुने हेतुले पेश गरेको हो ।

३. उपमहानगरपालिकाको आवश्यकता अनुसार समय समयमा माग गरे बमोजिमको थप जानकारीहरु प्रदान गराउनेछौं ।

४. उपमहानगरपालिकाले कारण खुलाई वा नखुलाई कुनै पनि निवेदन अस्वीकार गर्ने अधिकार सुरक्षित रहेको स्वीकार गर्दछौं । हाम्रो प्रस्ताव त्यसरी अस्वीकार भएको अवस्थामा उपमहानगरपालिका विरुद्ध कुनै पनि किसिमको दावी गर्ने छैनौं ।

५. हाल सम्म हामी वा कुनै सदस्यहरू वा हाम्रो एसोसिएट्सहरूमध्ये कोही पनि कुनै पनि सम्झौता कार्यान्वयन गर्न असफल भएका छैनौं । हामीलाई कुनै पनि परियोजनाबाट कुनै पनि निकायले निष्कासन गरेको छैन र कुनै सम्झौताको अवज्ञा वा उल्लघंन गरेको कारणले कुनै सम्झौताको अन्त्य भएको अवस्था समेत छैन ।

६. हामीले प्रस्तावपत्र सम्बन्धी सम्पूर्ण कागजातहरुको परीक्षण गर्दा त्यसका शर्तमा हामीले कुनै पनि थप शर्त वा प्रतिशर्त पेश गरेका छैनौं ।

७. यो प्रस्ताव आव्हान प्रक्रियामा सहभागी हुन हामी प्रचलित कानुन बमोजिम कुनै पनि तवरले अयोग्य छैनौं । यस प्रक्रियामा हाम्रो कुनै स्वार्थ बाझिएको पनि छैन र पेशागत वा व्यवसायिक कसूरमा हामीले कुनै सजाय पाएका पनि छैनौं । यसका साथै, हामी माथि कुनै पनि कानूनी अनुसन्धान चलिरहेको अवस्था समेत छैन ।

८. हामीले पेश गरेको निवेदन सम्बन्धी कागजात प्रस्ताव पेश गर्ने अन्तिम मितिदेखि ९० दिनको लागि मान्य हुनेछ । यो अवधिसम्म हाम्रो यो प्रस्ताव हामीलाई बन्धनकारी हुनेछ र उक्त अवधि समाप्त हुनु अघि जुनसुकै बखत पनि हाम्रो निवेदनलाई स्वीकृत गर्न सकिनेछ ।

९. हाम्रो निवेदन स्वीकृत भएको अवस्थामा करार बमोजिमको कार्य-सम्पादन गर्न करार-मूल्यको ५ प्रतिशत कार्यसम्पादन जमानत पेश गर्न हामी आफ्नो प्रतिबद्धता जाहेर गर्दछौं ।

१०. यस प्रक्रियामा, निवेदकको रुपमा एकभन्दा बढी निवेदन पेश गरेका छैनौं ।

११. हाम्रो कम्पनी वा फर्म र यसको सव-कन्ट्राक्टर वा आपूर्तिकर्ता लगायत यसका सम्बद्ध वा सहायक कम्पनी वा फर्महरु, करार अन्तर्गतको कुनै पनि अंशको लागि (काम गर्न), नेपाल सरकारबाट अयोग्य घोषित भएका छैनन् ।

१२. निवेदन अनुरुपको सम्पुर्ण दायित्व बहन गरी त्यसको परिपालना गर्ने प्रतिबद्वता जाहेर गदछौं ।

१३. हाम्रो लेखा, अभिलेख, तथा प्रस्तावपत्र साथमा पेश गरिएका अन्य कागजातहरु उपमहानगरपालिका/दातृ पक्ष वा उसको प्रतिनिधिलाई निरीक्षण गर्न दिन, उपमहानगरपालिका र /दातृपक्षद्वारा नियुक्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउन मञ्जुर छौं ।

नाम:

पद:

सम्पर्क नं.

ईमेल:

हस्ताक्षर:

छाप:

निवेदनमा .................................................को तर्फबाट हस्ताक्षर गर्न अधिकार प्राप्त

मिति :

## अनुसूची २

## आह्वानपत्रको शर्त २.२.२ संग सम्बन्धित

### निवेदनमा हस्ताक्षर गर्नका लागी अधिकार प्रत्यायोजन पत्र

यस अख्तियारनामाको लिखत मार्फत निम्न लिखित सहिछाप भएको, .............. मा रजिष्टर्ड कार्यालय रहेको (यसपछि सुविधाका लागि संक्षेपमा **"कम्पनी"** भनिएको)ले ....................मा बस्ने ................................ को छोरा/छोरी वर्ष ....... को ..................... लाई कम्पनीका तर्फबाट आधिकारिक व्यक्तिको रुपमा देहाय बमोजिमको अधिकार प्रदान गरेको छः

१. **बहुतला पार्किङ्ग सहितको बहुउद्धेश्यीय भवन निर्माण, संञ्चालन तथा हस्तान्तरण"आयोजना"** प्रस्तावको विभिन्न चरणमा भाग लिई प्रस्तावपत्र र आवश्यक अन्य निवेदन समेत बुटवल उपमहानगरपालिका वा तोकिएको अन्य निकायमा पेश गर्ने ।

२. समय समयमा उपमहानगरपालिकाले माग गरेका जानकारी तथा आवश्यकता अनुसार कागजातहरु पेश गर्नका लागि कम्पनीको प्रतिनिधित्व गर्ने ।

३. आयोजनामा प्रस्तावकर्ताको छनौट प्रक्रिया सुरु भई उक्त प्रक्रिया समाप्त नहुन्जेल सम्मका लागि आवश्यक सम्पूर्ण काम कारवाहीमा कम्पनीको प्रतिनिधित्व गर्दै प्रारम्भिक सम्झौता, समदारीपत्र वा आयोजना सम्झौतामा समेत हस्ताक्षर गर्ने ।

यस अख्तियारनामा बमोजिम अख्तियारप्राप्त व्यक्तिले गरेको काम कारवाही कम्पनीका लागि पूर्ण रुपमा मान्य हुनेछ र निजको काम कारवाहीबाट कुनै दायित्व सिर्जना भएमा सो पालना गर्न समेत यस कम्पनीको पूर्ण मञ्जुरी रहेको छ ।

कम्पनीले अगावै लिखित रुपमा सूचित गराएको अवस्थामा बाहेक यस अख्यिारनामा ..............सम्म बहाल रहनेछ ।

उल्लिखित साक्षीको रोहवरमा ..................... का दिन मैले यस अख्तियारनामामा सहिछाप गरी कम्पनीको छाप लगाएको छु ।

**कम्पनीको तर्फबाटः** | *साक्षीः*

*नामः* | *१.*

*हस्ताक्षर* | *२.*

*पदः*

म कानून बमोजिम नेपाल भित्रको लागि अधिकार प्राप्त नोटरी पब्लिक यो प्रमाणित गर्दछु कि यस लिखतमा उल्लिखित सहीहरु मेरो उपस्थितिमा गरिएको हो भनी प्रमाणित गर्दछुः

मिति ............................ मा मेरो निम्न लिखत सही र कार्यालयको छाप दिइएको छ ।

.................................

सही

## अनुसूची ३

## आह्वानपत्रको दफा २.१०.२ संग सम्बन्धित

## संयुक्त उपक्रमको मुख्य सदस्यका लागि दिईने अधिकार प्रत्योजनपत्र

बुटवल उपमहानगरपालिका (यसपछि सुविधाको लागी संक्षेपमा "उपमहानगरपालिका" भनिएको) बाट **बहुतला पार्किङ्ग सहितको बहुउद्धेश्यीय भवन निर्माण, संञ्चालन तथा हस्तान्तरण"आयोजना** आयोजना कार्यान्वयन गर्नका लागि उपमहानगरपालिका निवेदकलाई छनौट गरि आमन्त्रण गरेको अवस्थामा प्रस्तावपत्र लगायत अन्य विभिन्न कागजातको अधिनमा रहि मनसायपत्र आह्वान गरेकोमा उक्त आयोजनामा निवेदन पेश गर्न हामी संयुक्त उपक्रम इच्छुक भएको तथा आयोजना कार्यान्वयनका निम्ति संयुक्त उपक्रमका मुख्य सदस्य (Lead Member) तोक्न पर्ने आवश्यकतालाई मध्यनजर गर्दै संयुक्त उपकमका मुख्य सदस्यको रुपमा ........................मा रजिष्टर्ड कार्यालय रहेको ............................................................. लाई कानूनी रुपमा संयुक्त उपकमका मुख्य सदस्य तोकिएको व्यहोरा अनुरोध गर्दछौं । संयुक्त उपकमका तर्फबाट मुख्य सदस्यको रुपमा निजलाई देहाय बमोजिमको अधिकार प्रदान गरिएको छ:

१. " **बहुतला पार्किङ्ग सहितको बहुउद्धेश्यीय भवन निर्माण, संञ्चालन तथा हस्तान्तरण आयोजना"** प्रस्तावको विभिन्न चरणमा भाग लिई प्रस्तावपत्र र आवश्यक अन्य निवेदन समेत **बुटवल उपमहानगरपालिका**मा पेश गर्ने ।

२. समय समयमा उपमहानगरपालिकाले गरेका जानकारी तथा आवश्यकता अनुसार कागजातहरु पेश गर्नका लागि कम्पनीको प्रतिनिधित्व गर्ने ।

३. आयोजनामा प्रस्तावकर्ताको छनौट प्रक्रिया सुरु भई उक्त प्रक्रिया समाप्त नहुन्जेल सम्मका लागि आवश्यक सम्पूर्ण काम कारवाहीमा कम्पनीको प्रतिनिधित्व गर्दै प्रारम्भिक सम्झौता, समदारीपत्र वा आयोजना सम्झौतामा समेत हस्ताक्षर गर्ने ।

यस अख्तियारनामा बमोजिम मुख्य सदस्यले गरेको काम कारवाही संयुक्त उपकमका लागि पूर्ण रुपमा मान्य हुनेछ र निजको काम कारवाहीबाट कुनै दायित्व सिर्जना भएमा सो पालना गर्न समेत यस संयुक्त उपकमको पूर्ण मञ्जुरी रहेको छ ।

संयुक्त उपकमले अगावै लिखित रुपमा सूचित गराएको अवस्थामा बाहेक यस अख्यिारनामा ..............सम्म बहाल रहनेछ ।

उल्लिखित साक्षीको रोहवरमा .................................. का दिन संयुक्त उपकमका सम्पूर्ण सदस्यले यस अख्तियारनामामा सहिछाप गरेका छौं:

संयुक्त उपकमको तर्फबाट:

नाम:

*हस्ताक्षर*

*पद:*

साक्षी:

१.

२.

म कानून बमोजिम नेपाल भित्रको लागि अधिकार प्राप्त नोटरी पब्लिक यो प्रमाणित गर्दछु कि यस लिखतमा उल्लिखित सहीहरु मेरो उपस्थितिमा गरिएको हो भनी प्रमाणित गर्दछु:

मिति ............................ मा मेरो निम्न लिखत सही र कार्यालयको छाप दिइएको छ ।

## अनुसूची ४

मितिः................

श्रीमान् अध्यक्ष ज्यू,
सार्वजनिक निजी साझेदारी इकाई
बुटवल उपमहानगरपालिका
बुटवल रुपन्देही, नेपाल ।

**विषय : मनसायपत्र पेश गरेको सम्बन्धमा।**

महोदय,

म/हामी निवेदक तहाँ सार्वजनिक–निजी साझेदारी इकाई (सानिसा इकाई) बाट मिति...................... को ..................................*(सूचना प्रकाशन गरेको पत्रिकाको नाम उल्लेख गर्ने)* मा प्रकाशित मनसायपत्र आह्वानको सूचना बमोजिम .............................. *(आयोजनाको नाम उल्लेख गर्ने)* आयोजना सार्वजनिक–निजी साझेदारीमा कार्यान्वयन गर्न इच्छुक तथा योग्य भएकोले सार्वजनिक–निजी साझेदारी सम्बन्धी नियमावली, २०७६ को नियम ७ को उपनियम (१) बमोजिमको म्याद भित्रै तपसीलमा उल्लेखित कागजातहरु संलग्न गरी प्रस्तुत मनसायपत्र पेश गरेकोछु/छौं । दस्तुर रु. ५०००/- (रु. पाँचहजार रुपैंया) भुक्तानी गरेको भरपाई यसै साथ संलग्न छ ।

**संलग्न कागजातहरुः**

(क) मनसायपत्र पेश गर्ने कम्पनीले :
- १. कम्पनी दर्ता प्रमाणपत्र,
- २. कर चुक्ता प्रमाणपत्र (हालको आर्थिक वर्षको),
- ३. मु.अ.कर दर्ता नम्बर प्रमाणपत्र ।

(ख) मनसायपत्र पेश गर्ने व्यक्ति भएमा :
- १. नागरिकता प्रमाणपत्र वा राहदानीको प्रतिलिपी


(ग) मनसायपत्र पेश गर्ने व्यक्ति वा कम्पनी आयोजना कार्यान्वयन गर्न सक्ने आर्थिक तथा प्राविधिक क्षमता र अनुभव पुष्टि गर्ने कागजात ।

घ) आयोजना कार्यान्वयन सम्बन्धी व्यवसायिक योजना ।

ङ) सानिसा इकाईले तोकेको अन्य आवश्यक विवरण ।

यस मनसायपत्रमा उल्लेखित विवरण तथा संलग्न कागजातहरु सत्य हुन् । झुटा ठहेरमा कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदकः
हस्ताक्षरः
नामः
पदः
ठेगानाः
निवेदक संस्था भए संस्थाको छापः




Location Plan For Multistoried Multi Use Building
Butwal
( Not In Scale)